मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ | अंक २४७ | २०८३ साल श्रावण २८ गते बिहीबार | Thursday 13, August 2026 | सूर्योदयः बिहान ०५:२२ बजे | सूर्यास्तः साँझ ०७:०१ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

## पत्रकार किशोर श्रेष्ठ पक्राउ, गोपनीयता उल्लंघनको आरोपमा अनुसन्धान

**मधेशदृष्टि**
**काठमाडौँ।**
जनआस्था साप्ताहिकका सम्पादक तथा पत्रकार किशोर श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी उच्च स्रोतका अनुसार उनलाई बुधबार साँझ ललितपुरस्थित निवासबाट नियन्त्रणमा लिइएको हो । श्रेष्ठलाई पक्राउ गर्न उपत्यका अपराध अनुसन्धान कार्यालय र जिल्ला प्रहरी परिसर काठमाडौंको संयुक्त टोली परिचालन गरिएको थियो । वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ विपरीतको कसुर गरेको आरोपमा अनुसन्धानका लागि उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी दिलीप घिमिरेका अनुसार श्रेष्ठविरुद्ध हालसम्म एक जनाबाट मात्र उजुरी परेको छ । उजुरी केही दिनअघि श्रेष्ठसँग सम्बन्धित सञ्चारमाध्यममा प्रकाशित तस्बिर र त्यससँग जोडिएको सामग्रीका विषयमा रहेको उनले बताएका छन्।

## १७ वर्षीया किशोरी घरमै मृत फेला

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको शहीदनगर नगरपालिका–३ यदुकुहामा १७ वर्षीया किशोरी आफ्नै घरको कोठामा मृत फेला परेकी छन्। बुधबार बिहान करिब ११:३० बजे पार्वती खत्वे मण्डल आफ्नै घरको कोठामा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

घटनाबारे जानकारी पाएपछि इलाका प्रहरी कार्यालय यदुकुहाबाट प्रहरी टोली घटनास्थल पुगेको थियो । किशोरीको शव घटनास्थलमै रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार घटनाको प्रारम्भिक प्रकृति हेर्दा किशोरीको मृत्यु हत्या वा आत्महत्यामध्ये के कारणले भएको हो भन्ने यकिन भइसकेको छैन। घटनाबारे प्रहरीले थप अनुसन्धान अघि बढाएको छ । घटनास्थलको मुचुल्का तथा आवश्यक अनुसन्धानपछि मृत्युको वास्तविक कारण खुल्ने प्रहरीले जनाएको छ।

## रास्वपाका नेता प्रहरी नियन्त्रणमा

**मधेशदृष्टि**
**रौतहट।**
सामाजिक सञ्जालमार्फत अभद्र तथा आपत्तिजनक शब्द प्रयोग गरेको आरोपमा राष्ट्रिय स्वतन्त्र पार्टी रौतहटका नेता रविन्द्र यादवलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटले यादवलाई मंगलबार साँझ करिब ७ बजे नियन्त्रणमा लिएको हो । स्थानीय सागर यादवलाई लक्षित गरी सामाजिक सञ्जालमा अभद्र तथा आपत्तिजनक अभिव्यक्ति दिएको भन्दै परेको उजुरीका आधारमा उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी वसन्त गौतमले यादवलाई अनुसन्धानका क्रममा नियन्त्रणमा लिएको पुष्टि गरेका छन्।

प्रहरीका अनुसार सामाजिक सञ्जालमार्फत गालीगलौज तथा अभद्र व्यवहार गरेको आरोपमा यादवमाथि अनुसन्धान भइरहेको छ।

## अत्यधिक गर्मीका कारण विद्यालय संचालनको समय परिवर्तन

**मधेशदृष्टि**
**वीरगंज।**
अत्यधिक गर्मी बढेपछि वीरगंज महानगरपालिकाले महानगर क्षेत्रका विद्यालयको कक्षा सञ्चालन समय परिवर्तन गरेको छ । वीरगंज महानगरपालिकाको शिक्षा शाखाले बुधबार जारी गरेको सूचनाअनुसार विद्यार्थीको स्वास्थ्यलाई मध्यनजर गर्दै साउन २८ र २९ गते महानगर क्षेत्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा बिहानको समयमा मात्र कक्षा सञ्चालन गर्न निर्देशन दिइएको हो।

महानगरपालिकाले ती दुई दिन विद्यालयमा बिहान ६ बजेदेखि ९:३० बजेसम्म कक्षा सञ्चालन गर्न भनेको छ। अत्यधिक गर्मीका कारण विद्यार्थीको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने भएकाले कक्षा सञ्चालनको समय परिवर्तन गरिएको महानगरपालिकाले जनाएको छ।

महानगरपालिकाको शिक्षा शाखाले जारी गरेको सूचनामा उक्त निर्णयअनुसार अनिवार्य रूपमा विद्यालय सञ्चालन गर्ने सबै सामुदायिक तथा संस्थागत विद्यालयलाई आग्रह गरिएको छ।



**थाइल्याण्डका भिक्षुहरुद्वारा पूजापाठः** कपिलबस्तु महावनस्थित महासमय स्थलमा थाइल्याण्डका भिक्षुहरुद्वारा पूजापाठ गर्दै । यहाँ रोयल थाइमोनस्ट्री लुम्बिनीका प्रमुख भिक्षु सुपोतको नेतृत्वमा २७ जना थाइल्याण्डबाट आएका भिक्षुहरूद्वारा पुजापाठ गरिएको हो । रासस

## प्रहरी समायोजन छिटो गर्न गृहमन्त्रीसँग मुख्यमन्त्री यादवको आग्रह

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले संघीय गृहमन्त्री सुदन गुरुङसँग भेट गरी प्रदेशको शान्ति सुरक्षा तथा समसामयिक विषयमा छलफल गरेका छन्। गृह मन्त्रालय, सिंहदरबारमा भएको भेटमा मधेश प्रदेशको पछिल्लो शान्ति सुरक्षाको अवस्था, प्रहरी समायोजन तथा प्रदेशको प्रशासनिक संरचनालाई प्रभावकारी बनाउने विषयमा छलफल भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालयले जनाएको छ।



भेटमा मुख्यमन्त्री यादवले संविधानले प्रदेशलाई प्रदान गरेको अधिकारअनुसार प्रहरी समायोजन प्रक्रिया छिटो अघि बढाउन गृहमन्त्री गुरुङसँग आग्रह गरेका छन् । उनले जनकपुरधाममा प्रधानमन्त्रीले निर्वाचनका क्रममा व्यक्त गरेको प्रतिबद्धताअनुसार प्रादेशिक संरचनालाई बलियो बनाउन प्रहरी समायोजनलगायतका काम अघि बढाउनुपर्नेमा जोड दिएका छन्। मधेश प्रदेशमा स्थिरता र विकासका लागि निजामती सेवासम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनमा पनि संघ सरकारको सहयोग आवश्यक रहेको मुख्यमन्त्री यादवले बताएका छन्।

यसअघि मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले मधेश प्रदेशसभाबाट पारित प्रदेश प्रहरी ऐन र निजामती सेवासम्बन्धी ऐन तथा प्रहरी समायोजनका लागि प्रदेश सरकारले गरेका प्रयासबारे जानकारीसहितका पत्र गृहमन्त्री गुरुङलाई हस्तान्तरण गरेका थिए । मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षमा प्रदेश प्रहरी भर्नाका लागि करिब ३ अर्ब रुपैयाँ बजेट विनियोजन गरेको जानकारीसमेत गृहमन्त्रीलाई गराइएको मन्त्री महतोले रेडियो नेपाललाई बताएका छन्।

प्रदेश सरकारले प्रहरी संरचनाको सुदृढीकरणका लागि पछिल्लो समय गरेको लगानी तथा अन्य तयारीबारे पनि गृहमन्त्रीलाई जानकारी गराइएको उनले बताए । मधेश प्रदेशसभाको पहिलो कार्यकालमै प्रदेश प्रहरी ऐन र निजामती सेवासम्बन्धी ऐन सर्वसम्मतिले पारित भएको थियो। प्रदेश सरकारले ती कानुन कार्यान्वयनका लागि प्रहरी समायोजनलाई प्राथमिकतामा राख्दै आएको छ।

## दैनिक १०–१२ घण्टा विद्युत् अवरुद्धः वीरगंजको जनजीवन कष्टकर




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको मुख्य सडक विस्तारको काम भइरहेका बेला नेपाल विद्युत् प्राधिकरणले दैनिक १० देखि १२ घण्टासम्म विद्युत् अवरोध गर्न थालेपछि स्थानीय जनजीवन कष्टकर बनेको छ ।मेनरोड विस्तारका क्रममा महानगरका विभिन्न क्षेत्रमा विद्युत् लाइन व्यवस्थापन गर्नुपर्ने भन्दै लामो समयदेखि विद्युत् काटिँदै आएको छ। सडक विस्तारको काम प्रभावित नहोस् भनेर विद्युत् लाइन काटिनु प्राविधिक रूपमा आवश्यक हुने भए पनि खपी नसक्नु गर्मीको बेला पटक–पटक विद्युत कटौती स्थानीयको दैनिक जीवन कष्टकर बनेको छ । बिहानदेखि साँझसम्म पटक–पटक र लामो समय विद्युत् अवरुद्ध हुँदा बालबालिका, नवजात शिशु, ज्येष्ठ नागरिक, विद्यार्थी, सुत्केरी तथा बिरामीहरू बढी प्रभावित छन्।

विद्युत् अभावमा पंखा, कुलर र एसीजस्ता उपकरण सञ्चालन गर्न नपाउँदा गर्मीबाट राहत पाउन नसकिएको हो। लामो विद्युत् कटौतीका कारण विद्युतमा निर्भर व्यवसाय, होटल, पसल, स्वास्थ्य सेवा तथा दैनिक उपभोगसँग जोडिएका अन्य कामसमेत प्रभावित भएका छन्।

स्थानीयका अनुसार सडक विस्तारका कारण धुलो, हिलो, ट्राफिक जाम, पैदल यात्रामा समस्या तथा व्यापार–व्यवसायमा असरजस्ता समस्या यसअघि नै भोगिरहेका नागरिकले त्यसमाथि विद्युत् कटौतीको थप भार खेप्नुपरेको छ।

## हुण्डीको आशंकामा ८१ लाख बढी रकमसहित पर्साका तुरहा पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
काठमाडौंको एक फलफुल पसलबाट प्रहरीले हुण्डीको आशंकामा ८१ लाख रुपैयाँ बढी रकमसहित पर्साका एक युवकलाई पक्राउ गरेको छ।



पक्राउ पर्नेमा पर्साको छिपहरमाई गाउँपालिका वडा नम्बर १ मा स्थायी घर भई हाल काठमाडौंको कुलेश्वरमा डेरा गरी बस्ने ३३ वर्षीय जितेन्द्र साह तुराहा रहेका छन्।

काठमाडौं महानगरपालिका १४ कुलेश्वर फलफूल मण्डी स्थित आँचल फ्रुट सेन्टर पसलमा श्रोत नखुलेको हुण्डी रकम कारोबार भइरहेको भन्ने सूचना प्रहरीले प्राप्त गरेको थियो। त्यहि सूचनाको आधारमा मंगलबार प्रहरी वृत्त कालीमाटी र काठमाडौं उपत्यका अपराध अनुसन्धान महाशाखाको कालीमाटी शाखाबाट खटिएको संयुक्त प्रहरी टोलीले उक्त फलफूल पसलमा छापा मारेको थियो।

त्यसक्रममा तुराहा सञ्चालक रहेको उक्त फलफुल पसल र उनको डेराबाट गरी ८१ लाख १४ हजार १८० रुपैयाँ बरामद भएको प्रहरी वृत्त कालीमाटीले जनाएको छ। तुराहाको पसल र डेरा कोठामा खानतलासी गर्दा श्रोत नखुलेको नेपाली नगद ७६ लाख २७ हजार ३०० रुपैयाँ र भारु ३ लाख ४ हजार ३०० रुपैयाँ ( नेरु ४ लाख ८६ हजार ८८० रुपैयाँ) गरी कूल ८१ लाख १४ हजार १८० रुपैयाँ बरामद भएको प्रहरीले जनाएको छ। बरामद रकम हुण्डीको कारोबारको रहेको प्रहरीको आशंका छ। तुराह विरुद्ध हुण्डी सम्बन्धि कसुरमा बुधवार काठमाडौं जिल्ला अदालतबाट चार दिनको म्याद थप अनुमति लिइ अनुसन्धान भइरहेको प्रहरी वृत्त कालीमाटीले जनाएको छ।

## लागुऔषधको कुलतसँगै बढ्दो चोरीको जोखिम !

**मधेशदृष्टि**
**जनकपुरधाम।**
घरमा कोही नभएको मौका छोपेर चोरी गर्ने, मठमन्दिरका दानपेटिका फुटाउने तथा चोरी गरेका मोबाइल, भाँडाकुँडा र अन्य सामान सस्तो मूल्यमा कवाडी पसलमा बिक्री गर्ने घटना मधेशका विभिन्न जिल्लामा देखिँदै आएका छन्। प्रहरीका अनुसार यस्ता कतिपय चोरीका घटनाको पछाडि लागुऔषध प्रयोगका लागि तत्काल पैसा जुटाउने उद्देश्यसमेत देखिने गरेको छ। प्रहरी अधिकारीहरूका अनुसार सबै चोरीका घटना लागुऔषधसँग सम्बन्धित हुँदैनन् । तर, चोरीमा पक्राउ परेका कतिपय किशोर तथा युवाको पृष्ठभूमि अध्ययन गर्दा उनीहरू नियमित लागुऔषध प्रयोगकर्ता रहेको भेटिने गरेको छ।



जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसूदन न्यौपानेका अनुसार चोरीका घटनामा पक्राउ परेका धेरैजसो व्यक्तिमा लागुऔषध प्रयोगको पृष्ठभूमि देखिएको छ । उनका अनुसार लागुऔषधको कुलतमा फसेपछि त्यसका लागि आवश्यक रकम जुटाउन चोरीजस्ता अपराधतर्फ आकर्षित हुने जोखिम बढ्ने गरेको छ । लागुऔषध नियन्त्रण तथा पुनःस्थापनाका क्षेत्रमा काम गर्दै आएको स्पर्श नेपालका निर्देशक नवीन मल्लिकका अनुसार कुलतमा फसेका युवाले सुरुमा लागुऔषध किन्न परिवार तथा साथीभाइबाट पैसा जुटाउने प्रयास गर्छन् । परिवार वा साथीभाइबाट पैसा पाउन छाडेपछि चोरी गर्ने सम्भावना बढ्ने उनको भनाइ छ।

मल्लिकका अनुसार कतिपय प्रयोगकर्ताले चोरीको सुरुवात आफ्नै घरबाट गर्ने गरेका छन्। मोबाइल, भाँडाकुँडा, कपडालगायत सजिलै बिक्री गर्न सकिने सामान घरबाट निकालेर त्यसबाट प्राप्त रकम लागुऔषध खरिदमा खर्च गर्ने प्रवृत्ति देखिएको उनी बताउँछन्। परिवारले घरको सामान तथा पैसा हराउन थालेपछि निगरानी बढाउने गर्छ । त्यसपछि कतिपय प्रयोगकर्ताले छरछिमेकका घरलाई निशाना बनाउन थाल्ने गरेको मल्लिकको भनाइ छ । विशेषगरी परिवारका सदस्य मजदुरी वा अन्य कामका लागि घरबाहिर गएको मौका पारेर चोरी हुने घटना देखिने गरेका छन्। लागुऔषधप्रतिको निर्भरता बढ्दै गएपछि नियमित रकम आवश्यक पर्ने र आम्दानीको स्रोत नभएका किशोर तथा युवाले पैसा जुटाउन परिवारसँग माग्ने, साथीभाइसँग सापटी लिने वा चोरी गर्ने गरेको सरोकारवालाहरू बताउँछन्।

प्रहरीका अनुसार कुलत गहिरिँदै गएपछि चोरी आकस्मिक घटनामा मात्र सीमित रहँदैन । कुन घरमा मानिस हुँदैनन्, कहाँबाट सामान निकाल्न सहज हुन्छ र कुन वस्तु तत्काल नगदमा बिक्री गर्न सकिन्छ भन्नेसम्मको खोजी गर्ने अवस्था देखिने गरेको छ । मधेशमा लागुऔषध नियन्त्रणका लागि खुला सीमा पनि प्रमुख चुनौतीका रूपमा देखिएको प्रहरीको भनाइ छ। नेपाल–भारतबीचको सहज आवतजावतका कारण सीमावर्ती भारतीय बजारबाट केही प्रतिबन्धित औषधि तथा लागुऔषध नेपाल भित्रिने गरेको प्रहरी बताउँछ। धनुषा प्रहरीका प्रवक्ता न्यौपानेका अनुसार कतिपय युवा लागुऔषध सेवनका लागि भारत जाने गरेका छन् भने केहीले सीमापारिबाट लागुऔषध खरिद

*बाँकी पृष्ठ ३ मा*

सम्पादकीय

# किसान घाटामा, उपभोक्ता महँगीमा: कसको कब्जामा अन्डा–कुखुराको बजार ?

सामान्यतः साउन महिना माछामासु र अन्डाको व्यापारका लागि सुस्त मौसम मानिन्छ। धार्मिक आस्था र परम्पराका कारण ठूलो संख्यामा उपभोक्ताले मासु तथा अन्डा सेवन घटाउँछन् । यस्तो अवस्थामा माग कम हुँदा मूल्य पनि घट्नु बजारको सामान्य सिद्धान्त हो। तर, यसपटक बजारले सामान्य अर्थशास्त्रलाई नै चुनौती दिएको छ। माग घट्ने साउनमै अन्डा र कुखुराको मासुको मूल्य पटक–पटक बढाइएको छ।

अझ विडम्बना के छ भने बजार मूल्य आकाशिँदा पनि उत्पादन गर्ने किसान नाफामा छैनन् र महँगो मूल्य तिर्ने उपभोक्ताले पनि राहत पाएका छैनन्। त्यसो भए बढेको मूल्यको वास्तविक लाभ कसले लिइरहेको छ ? यही प्रश्नले नेपालको अन्डा र कुखुरा बजारभित्रको गम्भीर विकृति उजागर गरेको छ। किसानले उत्पादन लागतसमेत नपाउने, उपभोक्ताले तोकिएकोभन्दा बढी मूल्य तिर्नुपर्ने र बीचमा सप्लायर्स, डिलर तथा खुद्रा व्यापारीले अस्वाभाविक मार्जिन राख्ने अवस्था कुनै स्वस्थ बजार व्यवस्थाको संकेत होइन। यो बजारको स्वाभाविक उतारचढाव मात्र नभई नियमनविहीन आपूर्ति प्रणाली र सम्भावित कार्टेलिङको परिणाम हो भन्ने आशंका बलियो बन्दै गएको छ।

बर्डफ्लुका कारण उत्पादन घट्नु र बजारमा केही अभाव सिर्जना हुनु मूल्य बढ्नुको एउटा वास्तविक कारण हुन सक्छ। ठूलो संख्यामा पन्छी र अन्डा नष्ट भएपछि उत्पादनमा असर पर्नु स्वाभाविक हो। तर, उत्पादन घटेको तथ्यलाई किसानको हितभन्दा बजार नियन्त्रणको हतियार बनाइयो भने त्यो स्वीकार्य हुन सक्दैन। किसानकै भनाइअनुसार उत्पादन लागतअनुसार मूल्य नपुग्दा उनीहरू अझै घाटामै छन्। अर्कोतर्फ, फार्म मूल्यभन्दा खुद्रा बजारमा अन्डा र मासुको मूल्य अस्वाभाविक रूपमा महँगो छ। किसान र उपभोक्ता दुवै मारमा पर्ने तर बीचको तह मालामाल हुने यस्तो संरचनामाथि राज्यले आँखा चिम्लिन मिल्दैन। झन् गम्भीर प्रश्न त विभिन्न व्यावसायिक तथा वस्तुगत संघहरूले सार्वजनिक सूचना निकालेर वस्तुको मूल्य निर्धारण गर्न मिल्छ कि मिल्दैन भन्ने हो। बजारको माग–आपूर्ति, उत्पादन लागत, ढुवानी, भण्डारण र उचित नाफाको वैज्ञानिक विश्लेषणबिना कुनै संघले मूल्य घोषणा गर्ने अभ्यासले बजारमा प्रतिस्पर्धा कमजोर पार्ने र कार्टेलिङलाई प्रश्रय दिने जोखिम हुन्छ। मूल्य बढाउने सूचना जारी हुनेबित्तिकै पुरानो मौज्दातमा समेत नयाँ मूल्य असुल्ने प्रवृत्तिमाथि पनि अनुगमन आवश्यक छ।

यसमा सरकारको भूमिका सबैभन्दा कमजोर देखिएको छ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षणसम्बन्धी निकायहरू बजारमा मूल्य किन बढ्यो, किसानले कति पाए, बीचमा कति मार्जिन थपियो र उपभोक्ताले कति तिरे भन्ने तथ्यगत अध्ययन गर्न असफल देखिएका छन्। अनुगमन केवल पसलमा पुगेर मूल्यसूची हेर्ने कर्मकाण्डमा सीमित हुनुहुँदैन । किसानको खोरदेखि उपभोक्ताको भान्सासम्मको सम्पूर्ण आपूर्ति श्रृङ्खलाको हिसाब सार्वजनिक हुनुपर्छ। बर्डफ्लुबाट प्रभावित किसानलाई उचित मूल्य र पुनःउत्पादनका लागि सहयोग आवश्यक छ। तर किसानको नाममा बिचौलियालाई अकुत नाफा कमाउन छुट दिन सकिँदैन । राज्यले तत्काल अन्डा र कुखुराको उत्पादन लागत, फार्म मूल्य, थोक मूल्य र खुद्रा मूल्यको वैज्ञानिक अध्ययन गरी आपूर्ति श्रृङ्खलामा भइरहेको अस्वाभाविक नाफामाथि छानबिन गर्नुपर्छ। किसानलाई उचित मूल्य र उपभोक्तालाई न्यायोचित मूल्य दिलाउने दायित्व सरकारको हो। किसान घाटामा र उपभोक्ता महँगीमा रहँदा बीचको तह मात्र धनी बन्ने बजार संयन्त्रलाई 'स्वतन्त्र बजार'को नाम दिएर छाड्न मिल्दैन। अन्डा र कुखुराको बजारमा देखिएको यो बेथिति तत्काल सुधारिएन भने भोलि हरेक अभाव बिचौलियाको नाफाको अवसर बन्नेछ । राज्यले अब मौन बस्ने होइन, बजारको वास्तविक हिसाब माग्ने बेला आएको छ।

## परिपक्व कूटनीतितर्फ प्रधानमन्त्री शाह: भारत र चीनसँग व्यावहारिक संवाद

शरच्चन्द्र भण्डारी

**काठमाडौँ।**
वर्तमान सरकारको नेतृत्व गरेपछि विदेशी राजदूतहरूसँग सामूहिक भेटवार्तालाई प्राथमिकता दिँदै आएका प्रधानमन्त्री वालेन्द्र शाहले अन्ततः नेपालका दुई ठूला छिमेकी भारत र चीनका राजदूतसँग बेग्लाबेग्लै भेटवार्ता गरेका छन् । सोमबार भारतीय राजदूत नवीन श्रीवास्तव र चिनियाँ राजदूत चाङ माओमिङसँग सिंहदरबारमा भएका छुट्टाछुट्टै भेटवार्ताले प्रधानमन्त्री शाहको परिपक्व कूटनीति सञ्चालन र व्यावहारिक संवादमा जोड दिएको सङकेत गरेको छ । सरकारको नेतृत्व गरेलगत्तै प्रधानमन्त्री शाहले विदेशी राजदूत तथा कूटनीतिक नियोगका प्रमुखसँग व्यक्तिगत भेटवार्ताभन्दा सामूहिक संवादलाई प्राथमिकता दिएका थिए । गत वैशाखमा उनले नेपालमा रहेका विभिन्न मुलुकका राजदूत तथा कूटनीतिक नियोगका प्रमुखसँग सामूहिक भेटवार्ता गरेका थिए । त्यसबाट उनले व्यक्तिगत भेटभन्दा संस्थागत प्रक्रिया र कूटनीतिक 'प्रोटोकल'लाई प्राथमिकता दिन खोजेको सन्देश गएको थियो।

प्रधानमन्त्री शाहको यो शैलीले सुरुआती चरणमै राजनीतिक तथा कूटनीतिक वृत्तमा बहस निम्याएको थियो । यही अवधिमा भारतीय विदेशसचिव विक्रम मिस्रीको नेपाल भ्रमण स्थगित भएको विषयले पनि चर्चा पायो । विदेशसचिव मिस्रीको जेठ २८ गतेदेखि दुईदिने नेपाल भ्रमण निर्धारण भए पनि अन्तिम समयमा स्थगित भएको थियो। भ्रमण स्थगित हुनुको स्पष्ट आधिकारिक कारण सार्वजनिक भएन । यद्यपि केही स्रोतले प्रधानमन्त्री शाहसँगको भेटको अनिश्चिततालाई कारणका रूपमा उल्लेख गरे पनि त्यसलाई आधिकारिक रूपमा पुष्टि गरिएको छैन । यस पृष्ठभूमिमा प्रधानमन्त्री शाहले भारत र चीनका राजदूतसँग बेग्लाबेग्लै भेटवार्ता गर्नु सामान्य शिष्टाचार भेटभन्दा बढी अर्थपूर्ण देखिन्छ। यसले उनले प्रोटोकल र संस्थागत प्रक्रियालाई पूर्णतः त्यागेको नभई प्रत्यक्ष राजनीतिक संवादको व्यावहारिक आवश्यकतालाई समेत स्वीकार गर्न थालेको सङ्केत गरेको छ । यसलाई आफ्नो पूर्वअडानबाट पछि हटेको भन्दा पनि बदलिँदो परिस्थितिअनुसार कूटनीतिक व्यवहारलाई अझ व्यावहारिक र परिणाममुखी बनाउने प्रयासका रूपमा हेर्नुपर्छ।

कूटनीति औपचारिक पत्राचार, मन्त्रालयगत संयन्त्र र निर्धारित प्रोटोकलमा मात्र सीमित हुँदैन । राजनीतिक नेतृत्व र विदेशी प्रतिनिधिबीचको प्रत्यक्ष संवादले विश्वास निर्माण गर्न, प्राथमिकता बुझ्न र पारस्परिक हितका क्षेत्रमा सहकार्यका सम्भावना पहिचान गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। कूटनीतिमा के भनिन्छ भन्ने मात्र होइन, कसरी र कुन परिवेशमा भनिन्छ भन्ने कुराले पनि अर्थ राख्छ । भारतीय राजदूत श्रीवास्तवसँगको भेट प्रधानमन्त्री बनेपछि प्रधानमन्त्री शाहले गरेको पहिलो एकल विदेशी राजदूत भेटवार्ता थियो । भेटमा प्रधानमन्त्री शाहले नेपाल–भारतको



ऐतिहासिक सम्बन्धलाई अझ प्रगाढ बनाउनुपर्ने तथा साझा हितका क्षेत्रमा मिलेर काम गर्नुपर्नेमा जोड दिए । राजदूत श्रीवास्तवले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको शुभकामना प्रधानमन्त्री शाहसमक्ष प्रस्तुत गर्दै दुई देशबीचको बहुआयामिक साझेदारीलाई अझ सघन बनाउने विषयमा छलफल भएको बताएका छन् । सोही दिन प्रधानमन्त्री शाहले चिनियाँ राजदूत चाङ माओमिङसँग पनि एकल भेटवार्ता गरे । प्रधानमन्त्रीको सचिवालयका अनुसार भेटमा नेपाल–चीन सम्बन्धलाई अझ सुदृढ बनाउने, विभिन्न क्षेत्रमा सहकार्य विस्तार गर्ने तथा विकास साझेदारीलाई अघि बढाउने विषयमा छलफल भएको थियो।

एकैदिन भारत र चीनका राजदूतसँग प्रधानमन्त्रीले छुट्टाछुट्टै भेटवार्ता गर्नुको कूटनीतिक सन्देश पनि महत्वपूर्ण छ । यसबाट नेपालले एउटा छिमेकीसँगको सम्बन्धलाई अर्को छिमेकीसँगको सम्बन्धको चस्माबाट नभई दुवैसँग स्वतन्त्र रूपमा अघि बढाउन चाहेको देखाउँछ । सरकारले अघि सारेको स्वतन्त्र परराष्ट्र नीतिको दृष्टिकोण पनि यही हो । नेपालले भारत र चीनसँगको दीर्घकालीन द्विपक्षीय सम्बन्धलाई सार्वभौम समानता, पारस्परिक सम्मान, पारस्परिक लाभ तथा एकअर्काका जायज चासो र सरोकारप्रति संवेदनशीलताका आधारमा स्वतन्त्र रूपमा सुदृढ गर्ने प्रतिबद्धता व्यक्त गर्दै आएको छ।

नेपालका लागि भारत र चीनसँगको सम्बन्ध केवल भूराजनीतिक विषयमात्र होइन । यो मुलुकको आर्थिक रूपान्तरणसँग पनि प्रत्यक्ष रूपमा जोडिएको छ । भारत र चीन विश्वका ठूला तथा तीव्रगतिमा बढिरहेका अर्थतन्त्रमध्ये भएकाले दुवैको विकासलाई नेपालले व्यापार विस्तार, लगानी आकर्षण, सम्पर्क सञ्जाल विस्तार, पर्यटन प्रवद्र्धन तथा आर्थिक सहकार्यका अवसरका रूपमा लिएको छ । साथै, आर्थिक कूटनीतिलाई नेपालको परराष्ट्र नीतिको महत्त्वपूर्ण आधार बनाइएको छ । व्यापार, लगानी, प्रविधि हस्तान्तरण, पर्यटन, शिक्षा र नवप्रवर्तनमार्फत नेपालको विकासमा बाह्य सम्बन्धलाई उपयोग गर्ने नीति अघि सारिएको छ।

भारत र चीनबीच अवस्थित नेपालको भौगोलिक अवस्थालाई पनि सरकारले आर्थिक अवसरका रूपमा लिएको छ । नेपाललाई भूपरिवेष्टित मुलुकबाट चीन र दक्षिण एसियाबीचको गतिशील 'पुल'का रूपमा विकास गर्ने आकाङ्क्षा अघि सारिएको छ । सीमापार यातायात तथा डिजिटल सम्पर्क, व्यापार सहजीकरण तथा वस्तु, सेवा, लगानी, प्रविधि र ज्ञानको सहज आवागमन त्यसको महत्वपूर्ण पक्ष हो । उपर्युक्त पृष्ठभूमिमा भारत र चीन दुवैसँग अर्थपूर्ण संवाद कायम राख्नु कूटनीतिक शिष्टाचारको विषयमात्र होइन, नेपालको विकास आवश्यकतासँग पनि जोडिएको विषय हो। भारतसँग व्यापार, ऊर्जा, पर्यटन, पूर्वाधार तथा सीमापार सम्पर्कका क्षेत्रमा सहकार्यका महत्त्वपूर्ण सम्भावना छन् भने चीनसँग पूर्वाधार, व्यापार, लगानी, पर्यटन, प्रविधि तथा विकास सहकार्यका क्षेत्रमा अवसर छन्।

प्रधानमन्त्री शाह नेतृत्वको सरकारका प्राथमिकता एउटा छिमेकी रोज्नु नभई दुवैसँग प्रभावकारी रूपमा सम्बन्ध सुदृढ बनाउनु हो। त्यस क्रममा नेपालको कूटनीतिक स्वायत्तता कायम राख्दै द्विपक्षीय सम्बन्धबाट ठोस राष्ट्रिय लाभ हासिल गर्नु मुख्य विषय हुनेछ। अब आगामी चरण अझ महत्त्वपूर्ण हुनेछ । भारत र चीनसँगको पछिल्लो प्रत्यक्ष संवादलाई व्यापार, लगानी, ऊर्जा, सम्पर्क, प्रविधि र विकास सहकार्यका क्षेत्रमा ठोस उपलब्धिमा रूपान्तरण गर्नु आजको आवश्यकता हो।

प्रधानमन्त्री शाहको परिपक्व कूटनीतिक कार्यशैलीले मुलुकको चौतर्फी विकासको औजार आर्थिक कूटनीतिलाई अझ प्रभावकारी बनाउन महत्त्वपूर्ण आधार तयार हुने विश्वास गरिएको छ । दुई ठूला शक्तिराष्ट्रबीच रहेको नेपालका लागि कूटनीतिक एकाकीपन सम्भव विकल्प होइन । त्यस्तै एउटा छिमेकीसँग अत्यधिक निकटता कायम गरेर अर्कोलाई टाढा राख्नु पनि दीर्घकालीन हितमा हुँदैन । दुवैसँग आत्मविश्वासका साथ संवाद गर्ने, आफ्नो कूटनीतिक स्वायत्तता कायम राख्ने, दुवैका जायज चासोलाई सम्मान गर्ने र भारत तथा चीनसँगका सम्बन्धलाई नेपालको राष्ट्रिय हित तथा दीर्घकालीन विकाससँग जोड्ने नीति नै नेपालको व्यावहारिक मार्ग हुनसक्छ। यस दिशामा प्रधानमन्त्री शाह अग्रसर हुनुभएको भारत र चीनका राजदूतसँगको भेटले पुनःपुष्टि गरेको छ। रासस

## राजनीतिक खिचातानीको मारमा स्थानीय गौरवका आयोजना

सुदिप रावत



**सिरहा।**
पाँच वर्षअघि सङ्घीय सरकारको ७० प्रतिशत र लहान नगरपालिकाको ३० प्रतिशत लागतमा निर्माण सुरु भएको लहान–१७ स्थित देवीदह पर्यटकीय आयोजना अहिले अलपत्र अवस्थामा छ । बीस बिघा क्षेत्रफलमा फैलिएको धार्मिक तथा पर्यटकीय क्षेत्रको सौन्दर्यकरणका लागि आर्थिक वर्ष २०७७÷७८ मा रु छ करोड ९३ लाख बजेट स्वीकृत भएको थियो । निर्माण कम्पनी 'विकास एण्ड बस्नेत कन्स्ट्रक्सन प्रालि'सँग सम्झौता भई करिब २० प्रतिशत काम सकिए पनि त्यसपछि आयोजना अघि बढ्न सकेको छैन। विगत चार वर्षदेखि निर्माणको काम रोकिएको छ। लहान बजारदेखि देवीदहसम्म पुग्ने नौ किलोमिटर सडक ग्राभेल भइसकेको थियो भने पोखरी परिसरमा बन्ने अन्य संरचनाको तयारीसमेत अघि बढेको थियो। चारैतिर घेराबार, इन्टरलक, बोटिङ, स्वीमिङ पुललगायतका संरचना बनाएर यस क्षेत्रलाई प्रमुख पर्यटकीय गन्तव्य बनाउने महत्वाकाङ्क्षी योजना अघि सारिएको थियो। देवीदह वन उपभोक्ता समितिका अध्यक्ष कपलेश्वर यादव भन्छन्, 'त्यतिबेला पोखरीलाई व्यवस्थित गरेर पर्यटकीय गन्तव्य बनाउने योजना निकै उत्साहका साथ अघि बढेको थियो । सडक निर्माणदेखि पोखरी परिसरमा विभिन्न संरचना बनाउने तयारीसम्म काम अगाडि बढिसकेको थियो । आयोजना पूरा भएको भए देवीदहको स्वरूप नै फेरिन सक्थ्यो।' तर अहिले पोखरी वरिपरि निर्माण हुन थालेका संरचनाका अवशेष मात्रै देखिन्छन्।

विसं २०७९ को स्थानीय तह निर्वाचनपछि परिस्थिति फेरियो । लहान–१७ का वडाध्यक्ष प्रथमलाल चौधरीका अनुसार, नयाँ नेतृत्व आएपछि पूर्वनगरप्रमुख मुनि साहको पालामा सुरु भएका आयोजनाहरूको सूची तयार गरी नवीकरण र बजेट निकासा रोकियो । सङ्घीय सरकारको करिब रु ८० लाख खर्च भइसकेपछि आयोजनाको बाँकी काम रोकियो । नगरपालिकाले आफ्नो हिस्सामा रहेको ३० प्रतिशत बजेट व्यवस्थापन नगर्दा र भुक्तानी नदिँदा अन्ततः निर्माण कम्पनीले काम अलपत्र छाडेर हिँड्न बाध्य भएको वडाध्यक्ष चौधरी बताउँछन्। उनले भने, 'हामीले पटक–पटक यो आयोजना निरन्तरता दिन आग्रह गर्यौं। तर बजेट व्यवस्थापन भएन। अन्ततः निर्माण कम्पनी अधुरै काम छाडेर हिँड्न बाध्य भयो ।' तर अहिलेका नगरप्रमुख महेशप्रसाद चौधरी भने योजनाहरू राजनीतिक पूर्वाग्रहका कारण नभई वित्तीय जटिलताका कारण रोकिएको बताउँछन् । 'हामी विकासविरोधी होइनौँ, न त पूर्वाग्रह राखेर काम रोक्ने पक्षमा छौँ। विगतको नेतृत्वले प्रक्रियागत वैधता, प्राविधिक तयारी र बजेटको स्रोत सुनिश्चितता नै नगरी केवल लोकप्रिय बन्ने हतारोमा ठूला योजनाहरू अघि बढाएको देखिन्छ,' नगरप्रमुख चौधरीले स्पष्ट पारे, 'स्रोत नखुलेका र हतारमा ठेक्का लगाइएका आयोजनाले गर्दा पालिकामा गम्भीर वित्तीय जटिलता पैदा हुने भएकाले कतिपय आयोजना रोकिएका हुन्। म निर्वाचित भएर आइसकेपछि कतिपय पुराना आयोजनाहरूको प्राविधिक मूल्याङ्कन, कानुनी प्रक्रिया र स्रोत व्यवस्थापनको अवस्था हेरेर पारदर्शी रूपमा अगाडि बढाइएको छ।'

सिरहाका अन्य नगरपालिकाहरूमा पनि बहुवर्षीय आयोजनाहरू राजनीतिक खिचातानी, नयाँ नेतृत्वको बेवास्ता र बजेटको स्रोत सुनिश्चितताबिना सुरु गरिएका आयोजनाहरू अहिले बिचमै रोकिएका छन् । धनगढीमाई नगरपालिकामा तत्कालीन नगरप्रमुख हरिनारायण चौधरीको कार्यकालमा २०७५ सालमा रु १७ करोड लागतमा १५ शय्याको नगर अस्पतालको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) स्वीकृत गरी निर्माण सुरु गरिएको थियो । दुई वर्षमा सक्नुपर्ने यो आयोजना नयाँ नेतृत्वमा शिवशङ्कर महतो आएपछि भुक्तानी रोकिएर अधुरै छ, जसका कारण स्थानीयवासी पुरानो जीर्ण स्वास्थ्यचौकीबाटै सेवा लिन बाध्य छन् । यसका साथै जनता मावि बेतहा, जनता मावि पूर्वहनुमाननगर, जनता मावि तीनकोनी प्राविधिक विद्यालय र मदन भण्डारी माविका निर्माणाधीन भवनहरू पनि बजेट अभावमा रोकिएका छन् । धनगढीमाई–१० मा २०७५ सालमा भारतीय दूतावासको सहयोगमा निर्माण गरिएको देशकै एकमात्र स्थानीय तहद्वारा सञ्चालित प्राकृतिक अस्पताल पनि सञ्चालनको अन्तिम तयारीमा पुगेर बन्द हुने अवस्थामा छ। पूर्व नगरप्रमुख हरिनारायण चौधरी भन्छन्, 'माटो, पानी, बाफ र मालिसबाट उपचार गरिने यो अस्पताल पछिल्लो नेतृत्वको चरम बेवास्ताका कारण बन्द हुन पुगेको हो ।' नयाँ नेतृत्वले पुरानो आयोजनाको दायित्व स्वीकार नगर्दा स्थानीय आयोजना लथालिङ्ग भएको उनको भनाइ छ । उता वर्तमान नगरप्रमुख शिवशङ्कर महतो भने विगतको नेतृत्वले नियमविपरीत सिर्जना गरेको दायित्वका कारण समस्या पैदा भएको बताउँछन्। 'विगतमा स्रोत सुनिश्चितता नगरी प्रक्रिया मिचेर ठेक्का लगाइएका योजनाहरूमा कानुनी र वित्तीय जटिलता आएको हो,' प्रमुख महतोले भने, 'हामीले प्रतिशोध राखेका होइनौँ। बेरुजु नआउने गरी रोकिएका योजना सञ्चालन गर्ने र कार्यविधि बनाएर अस्पताल तथा विद्यालय भवनका अधुरा काम पुरा गर्ने तयारीमा छौँ ।' गोलबजार नगरपालिकामा पनि अवस्था उस्तै छ। तत्कालीन नगरप्रमुख देवनाथ साहको पालामा २०७७ सालमा रु २८ करोड लागतमा सुरु भएको बहुवर्षीय नगर भवन चार तला ढलान सम्पन्न भएर अन्तिम चरणमा पुगेको थियो । निर्माण सम्पन्न हुने चरणमा पुगेको उक्त भवनको ठेक्का रद्द गरिएपछि अहिले बनेको संरचनासमेत रेखदेखको अभावमा जीर्ण बन्दै गएको छ भने नगरपालिका साँघुरो भवनबाट सेवा प्रवाह गर्न बाध्य छ। उता निर्माण कम्पनीले उच्च अदालत पाटनमा 'स्टे अर्डर'को माग गर्दै रिट हालेको छ।

गोलबजारका वर्तमान नगरप्रमुख श्याम श्रेष्ठ भने ठेकेदारको ढिलासुस्तीका कारण ठेक्का तोड्नुपरेको तर्क गर्छन् । 'हामीले आयोजना रोकेका होइनौँ, ठेकेदारले तोकिएको समयमा काम नगरेकाले कानुनी प्रक्रियाअनुसार ठेक्का रद्द गरिएको हो,' प्रमुख श्रेष्ठले भने, 'अहिले अदालतमा मुद्दा विचाराधीन अवस्थामा भएकाले नयाँ प्रक्रियाबाट नगर भवन सम्पन्न गर्ने योजना रोकीएको छ।' नेपालको संविधानअनुसार स्थानीय सरकार एक अविच्छिन्न उत्तराधिकारवाला निकाय हो । आवधिक निर्वाचनबाट नेतृत्व फेरिए पनि संस्थाको दायित्व, सम्पत्ति र सुरु भइसकेका विकास आयोजनाहरूको निरन्तरता रोकिनु हुँदैन । सार्वजनिक खर्च व्यवस्थापनका दृष्टिकोणबाट पनि काम भइसकेका आयोजनाको भुक्तानी रोक्नु र निर्माणाधीन संरचना छाड्नुले वित्तीय अनुशासन विथोलिने विज्ञहरूको भनाइ छ । अर्थशास्त्री धरणीधर अधिकारीका अनुसार बीचमै आयोजना रोकिँदा सबैभन्दा ठूलो नोक्सानी करदाताको हुन्छ । 'निर्माणमा सार्वजनिक पैसा खर्च भइसकेपछि त्यसबाट समयमै सेवा उत्पादन हुन नसक्नु भनेको सार्वजनिक स्रोतको क्षति हो। बिना प्रतिफलको खर्च मात्रै हो। भुक्तानी रोकिँदा कानुनी दायित्व र बेरुजु दुवै बढ्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि पालिकालाई अविच्छिन्न उत्तराधिकारवाला संस्था मानेकाले अघिल्लो सरकारले सुरु गरेको भन्दै आयोजना रोक्नु वित्तीय अनुशासन र सार्वजनिक उत्तरदायित्व दुवैका दृष्टिले उचित होइन,' उनले भने । राजनीतिक नेतृत्वको दलीय अडान र प्रक्रियागत उल्झनको मारमा स्थानीय नागरिक परेका छन्। लहानका स्थानीय सत्यनारायण चौधरी आफ्नो आक्रोश पोख्दै भन्छन्, 'चुनावमा नेताहरू बदलिन्छन्, तर हाम्रो दुःख उस्तै रहन्छ। अघिल्ला मेयरले सुरु गरेको काम अहिलेकाले रोक्ने हो भने हाम्रो करको पैसा यसैगरी बालुवामा पानी कहिलेसम्म भइरहने ?' राजनीतिक विश्लेषक तथा लेखक राजेश विद्रोहीका अनुसार समस्या व्यक्ति परिवर्तनभन्दा पनि राजनीतिक संस्कृतिमा छ । उनी भन्छन्, 'स्थानीय सरकार व्यक्ति होइन, संस्था हो । निर्वाचनले नेतृत्व परिवर्तन गर्छ, राज्यको दायित्व परिवर्तन गर्दैन। तर हामीकहाँ विकास आयोजना पनि राजनीतिक स्वामित्वको विषय बनाइन्छ। जसले सुरु गर्‍यो उसैले जस पाउने मानसिकताले अर्को नेतृत्वले निरन्तरता दिन चाहँदैन। यसको मूल्य अन्ततः नागरिकको टाउकोमा थोपरिन्छ।' रासस

# पर्सा राष्ट्रिय निकुञ्जमा बाघको संख्या वृद्धि
# ‘बाघ मित्र’ अभियान विस्तारको तयारी

**मधेशदृष्टि**
**वीरगंज।**



पर्सा राष्ट्रिय निकुञ्जमा बाघको संख्या बढेसँगै मानव–बाघ सहअस्तित्व प्रवद्र्धन गर्न ‘बाघ मित्र’ अभियान विस्तार गर्ने तयारी गरिएको छ । निकुञ्जका अनुसार पछिल्लो गणनामा बाघको संख्या ७१ पुगेको छ । यसअघि निकुञ्जमा ४१ वटा बाघ रहेकोमा पछिल्लो गणनामा ३० वटा थपिएको निकुञ्जका प्रमुख रामचन्द्र खतिवडाले जानकारी दिए । बाघको संख्या बढ्दै गएपछि स्थानीय समुदायमा वन्यजन्तुप्रति सकारात्मक धारणा विकास गर्ने, मानव–बाघ द्वन्द्व न्यूनीकरण गर्ने तथा वन्यजन्तुबाट हुने मानवीय क्षतिलाई शून्यमा झार्ने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको खतिवडाले बताए ।

निकुञ्जसँग जोडिएका पर्सा, बारा र मकवानपुरका डिभिजन वन कार्यालयसँगको समन्वयमा समुदायस्तरमा अभियान सञ्चालन भइरहेको उनले जानकारी दिए।

अभियानअन्तर्गत वन्यजन्तुको महत्व, बाघबाट सुरक्षित रहने उपाय, बाघ देखिएमा अपनाउनुपर्ने सावधानी तथा वन्यजन्तुबाट क्षति भएमा राहत प्राप्त गर्ने प्रक्रियाबारे स्थानीयसँग छलफल र अन्तक्र्रिया गर्दै आएको छ।

# कवाडी करको नाममा अवैध असुली:
# पर्सामा थप एक पक्राउ, असुली भने जारी

**मधेशदृष्टि**
**वीरगंज ।**



कवाडी करको नाममा अवैध रूपमा रकम असुली गरेको आरोपमा पर्सा प्रहरीले थप एक जनालाई पक्राउ गरी अनुसन्धान अघि बढाएको छ । यसअघि पनि सोही स्थानबाट एक जनामाथि कारबाही भइसकेको भए पनि जगरनाथपुर क्षेत्रमा हुने भनिएको अवैध असुली भने पूर्ण रूपमा रोकिएको छैन । जिल्ला प्रहरी कार्यालय पर्साले सोमबार राति वीरगंज महानगरपालिका–२२, जगरनाथपुरस्थित ढाटबाट स्थानीय ३५ वर्षीय अशोक प्रसाद यादवलाई पक्राउ गरेको हो । उनलाई अभद्र व्यवहारसम्बन्धी मुद्दामा म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए ।

प्रवक्ता मल्लका अनुसार यसअघि पनि प्रहरीले जगरनाथपुरस्थित सोही ढाटबाट एक जनालाई नियन्त्रणमा लिएर मुद्दा चलाइसकेको थियो । तर, दुई जनामाथि कारबाही प्रक्रिया अघि बढिसक्दा पनि कवाडी करको नाममा हुने गरेको भनिएको असुली नरोकिएको स्थानीयको गुनासो छ । स्थानीयका अनुसार जगरनाथपुर चोक नजिकै सडक किनारमा त्रिपालको अस्थायी छाप्रो बनाएर केही युवाहरूले विभिन्न सवारीसाधनबाट रकम उठाउँदै आएका छन् । प्रहरीले कारबाही थालेपछि पनि विशेषगरी रातिको समयमा बिना रसिद रकम असुल्ने काम भइरहेको स्थानीय प्रत्यक्षदर्शी र सवारी चालकहरूको दाबी छ । उनीहरूका अनुसार उक्त गतिविधि कानुनी कर संकलनभन्दा बढी जबर्जस्ती रकम असुलीको स्वरूपमा भइरहेको छ ।

गत आर्थिक वर्षमा वीरगंज महानगरपालिकाले कवाडी कर उठाउने जिम्मा अमित ठेक्का पट्टलाई दिएको थियो । सम्झौताअनुसार पुरानो फलाम, प्लास्टिक, कागज, टायर–ट्युबलगायत तोकिएका कवाडीजन्य सामग्रीमा मात्र कर संकलन गर्न पाउने व्यवस्था थियो । महानगरपालिकाका राजस्व शाखा प्रमुख मनोज कर्णका अनुसार नयाँ आर्थिक वर्षको साउन महिनाका लागि पनि पुरानै सम्झौताअनुसार उक्त ठेक्काको म्याद थप गरिएको थियो । तर, सम्झौतामा नपरेका मालसामान बोकेर आउने तथा आईसीपीबाट बाहिरिने भारतीय मालवाहक सवारीसाधनबाट समेत रकम असुल्ने गरिएको स्थानीयको आरोप छ । राजमार्गमा यसरी कर वा शुल्क असुल्न नपाइने व्यवस्था हुँदाहुँदै महानगरपालिकाको नाम जोडेर रकम उठाइएको उनीहरूको भनाइ छ ।

यस विषयमा झन् गम्भीर प्रश्न भने अवैध असुलीमा कसको संरक्षण छ भन्ने उठेको छ । स्थानीयले वीरगंजका केही प्रभावशाली व्यक्तिहरू, इलाका प्रहरी कार्यालय सुगौलीका केही पक्ष, महानगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीको समेत मिलेमतो हुन सक्ने आरोप लगाएका छन् । प्रहरीले दुई जनालाई पक्राउ गरी अनुसन्धान थालेको छ । तर, पक्राउ र मुद्दा चलाउने क्रम चलिरहँदा पनि सोही क्षेत्रमा रातिको समयमा बिना रसिद रकम असुली भइरहेको आरोप आउनुले प्रहरी कारबाहीको प्रभावकारितामाथि प्रश्न उठाएको छ । यदि महानगरपालिकाले ठेक्कामार्फत तोकिएका कवाडी सामग्रीमा मात्र कर उठाउने अधिकार दिएको हो भने सडकमा अन्य सवारीसाधन रोकेर रकम असुल्ने अधिकार कसलाई, कसरी र कुन कानुनी आधारमा प्राप्त भयो भन्ने विषयको स्पष्ट जवाफ आवश्यक छ ।

कवाडी करको नाममा भइरहेको भनिएको अवैध असुलीमाथि केवल केही व्यक्तिलाई पक्राउ गरेर अनुसन्धान गर्नु पर्याप्त देखिँदैन । यसको पछाडि संगठित समूह वा प्रभावशाली व्यक्तिको संरक्षण छ कि छैन, महानगरपालिकाको ठेक्का सम्झौताको दुरुपयोग भएको हो कि होइन तथा राज्यका निकायभित्रकै कसैको संलग्नता छ कि छैन भन्ने विषयमा निष्पक्ष र गहिरो अनुसन्धान आवश्यक देखिएको छ ।

# जंगलमै काठ चिरान
# सानो ‘कडी’ बनाएर तस्करी

**मधेशदृष्टि**
**रौतहट ।**



साइकल तथा मोटरसाइकलमा काठ लुकाएर ओसारपसार गर्ने गरेका काठ तस्करहरुले पछिल्लो समय जंगलमै काठ चिरान गरी सानो आकारका ‘कडी’ बनाएर लैजाने गरेको पाइएको छ ।

रौतहटको धनसार र गौँडाटारको सीमा क्षेत्रमा डिभिजन वन कार्यालय रौतहटबाट खटिएको रात्रि गस्ती टोलीले जंगलको बीच भागमा बेवारिसे अवस्थामा राखिएको साल जातको चिरान काठ बरामद गरेको छ । मंगलबार राति करिब साढे ९ बजे धनसार क्षेत्रअन्तर्गतको घना जंगलमा गस्ती गर्ने क्रममा वन कर्मचारीले चिरान काठ फेला पारेका हुन् । जंगलको भित्री भागमा लुकाएर राखिएको अवस्थामा काठ फेला परेको डिभिजन वन कार्यालयले जनाएको छ । डिभिजन वन कार्यालय रौतहटका अधिकृत अनिलकुमार महतोका अनुसार बरामद काठ कसले र कुन प्रयोजनका लागि जंगलमा चिरान गरी राखेको हो भन्ने खुलेको छैन । बरामद काठ नियन्त्रणमा लिएर घटनाबारे अनुसन्धान भइरहेको उनले बताए । वन क्षेत्रमा काठ चोरी–निकासी नियन्त्रण गर्न रात्रिकालीन गस्ती बढाइएपछि तस्करले पनि आफ्नो शैली परिवर्तन गर्न थालेको वनकर्मीको भनाइ छ ।

# युवाहरुको अधिकार सुनिश्चित गर्न
# मानव अधिकार आयोगको आग्रह




**मधेशदृष्टि**
**काठमाडौँ।**

राष्ट्रिय मानव अधिकार आयोगले युवाहरुको अधिकार सुनिश्चित गर्न आग्रह गरेको छ । अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले निकालेको विज्ञप्तिमा सार्वजनिक नीति निर्माणमा युवाको अर्थपूर्ण सहभागिता कमजोर हुँदा अन्तरपुस्तागत ज्ञान र सीपको हस्तान्तरण प्रभावकारी हुन नसक्ने उल्लेख छ।

युवाका लागि पर्याप्त र मर्यादित रोजगारीका अवसर सिर्जना हुन नसक्नु तथा देशको समग्र विकासमा उनीहरूको ज्ञान, सीप र ऊर्जाको प्रभावकारी परिचालन नहुनु चिन्ताको विषय रहेको आयोगले जनाएको छ । युवाको विचार सुन्ने, उनीहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउने तथा सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा अवसर सुनिश्चित गर्नु राज्यको दायित्व रहेको विज्ञप्तिमा उल्लेख छ।

साथै आयोगले युवाले सामाजिक सञ्जाल तथा सार्वजनिक ठाउँमा विचार व्यक्त गर्दा धम्की, दुव्र्यवहार, घृणात्मक अभिव्यक्ति, अनलाइन हिंसा, अनावश्यक निगरानी वा अनुचित कानुनी कारबाहीको जोखिम सामना गर्नुपरेका गुनासो प्राप्त भएका जनाएको छ।

# लागुऔषधको कुलतसँगै बढ्दो चोरीको...

गरी नेपाल ल्याउने गरेका छन्। खुला सीमाका कारण यसको नियन्त्रण चुनौतीपूर्ण भए पनि सीमावर्ती क्षेत्रमा निगरानी, नियन्त्रण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको उनले बताए।

अभियन्ताहरूका अनुसार आफैँ सीमापारि गएर लागुऔषध खरिद गर्नेबाहेक नेपालमै बसेर प्रयोगकर्ताबाट पैसा लिएर सीमापारिबाट लागुऔषध ल्याइदिने व्यक्ति तथा समूहसमेत सक्रिय छन् । लागुऔषध गाउँसम्म पुग्दा विद्यालय तथा कलेज तहका किशोरकिशोरीसमेत जोखिममा पर्ने गरेका छन् । प्रहरीका अनुसार लागुऔषध प्रयोगकर्तामध्ये १५ देखि २८ वर्ष उमेर समूहको संख्या उल्लेख्य छ । मधेश प्रदेश प्रहरीको तथ्यांकअनुसार लागुऔषध प्रयोगकर्तामध्ये करिब १४ प्रतिशत २० वर्षभन्दा कम उमेरका छन् । प्रहरीका अनुसार किशोरावस्थामै साथीभाइको प्रभावमा लागुऔषध प्रयोग सुरु गर्ने र पछि त्यसका लागि आवश्यक खर्च जुटाउन नसक्दा चोरीलगायतका अपराधमा संलग्न हुने जोखिम रहन्छ।

प्रहरी प्रधान कार्यालयको तथ्यांकअनुसार मधेश प्रदेशमा आर्थिक वर्ष २०७७/७८ मा ५६५ वटा चोरीका घटना दर्ता भएका थिए । आर्थिक वर्ष २०७८/७९ मा ६६५, २०७९/८० मा ७०५, २०८०/८१ मा ५५४ र २०८१/८२ मा ४६९ वटा चोरीका घटना दर्ता भएका छन् । आर्थिक वर्ष २०८२/८३ को जेठसम्म ५१९ वटा चोरीका घटना दर्ता भइसकेका छन् । तर, प्रहरीमा दर्ता भएका घटनाले चोरीको वास्तविक अवस्था पूर्ण रूपमा प्रतिनिधित्व नगर्ने अधिकारीहरू बताउँछन् । लामो समय जिल्ला प्रहरी कार्यालय धनुषामा कार्यरत रहेका तथा हाल प्रहरी प्रधान कार्यालयमा रहेका प्रहरी उपरीक्षक विश्वराज खड्काका अनुसार चोरीको सामान फेला परेपछि कतिपय पीडितले सामान फिर्ता पाएपछि जाहेरी दिन अस्वीकार गर्ने गरेका छन्।

जाहेरी नपरेका कारण चोरीसम्बन्धी मुद्दा अघि बढाउन कठिन हुने र कतिपय घटनामा अन्य कसुरअन्तर्गत कारबाही गर्नुपर्ने अवस्था आउने खड्काले बताए । यसले चोरीमा पक्राउ परेका र उनीहरूको लागुऔषध प्रयोगसँगको सम्बन्धबारे यकिन तथ्यांक आउन नसकेको उनको भनाइ छ।

खड्काका अनुसार साना तथा ठूला चोरीमा पक्राउ परेका कतिपय युवाको स्वास्थ्य अवस्था तथा पृष्ठभूमि अध्ययन गर्दा उनीहरू नियमित लागुऔषध प्रयोगकर्ता रहेको पाइएको छ । चोरीको सामान सस्तो मूल्यमा बिक्री गरेर लागुऔषध खरिद गर्ने उद्देश्यले मठमन्दिरका दानपेटिका फुटाउने, घरमा कोही नभएको मौका पारेर सामान चोरी गर्ने तथा कवाडी पसलमा बिक्री गर्ने घटना भेटिएको उनले बताए।

अभियन्ताहरूका अनुसार लागुऔषध प्रयोगको सुरुवाती चरणमा परिवारले युवाको व्यवहारमा आएको परिवर्तनलाई सामान्य रूपमा लिने गरेका छन् । घरबाट पैसा हराउने, सामान बिक्री हुने वा छरछिमेकमा समस्या उत्पन्न हुन थालेपछि मात्र परिवारले कुलतबारे थाहा पाउने अवस्था रहेको उनीहरू बताउँछन्।

समस्या गम्भीर भइसकेपछि कतिपय युवा प्रहरी हिरासतमा पुग्ने गरेका छन् भने केहीलाई परिवारले पुनःस्थापना केन्द्रमा लैजाने गरेका छन् । तर, पुनःस्थापना केन्द्रको संख्या र गुणस्तर, उपचार पद्धति तथा उपचारपछि युवालाई परिवार र समाजमा पुनःस्थापित गर्ने विषय अझै चुनौतीपूर्ण रहेको सरोकारवालाहरूको भनाइ छ।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले लागुऔषध नियन्त्रणका लागि प्रहरीलाई आवश्यक स्रोतसाधन उपलब्ध गराउन प्रदेश सरकार तयार रहेको बताएका छन् । उनले पुनःस्थापना केन्द्रको विस्तारसँगै सचेतनामूलक कार्यक्रमलाई प्रभावकारी बनाएर युवालाई कुलतबाट बाहिर ल्याउनुपर्नेमा जोड दिएका छन् । मन्त्री महतोका अनुसार लागुऔषध नियन्त्रणका लागि प्रहरीलाई आवश्यक स्रोतसाधन र बजेट उपलब्ध गराउनुका साथै रोकथाम, उपचार र पुनःस्थापनालाई समान रूपमा अघि बढाउनुपर्ने आवश्यकता छ।

# अपाङ्गता भएका व्यक्तिलाई
# सहायक तथा स्वरोजगार सामग्री

मधेशदृष्टि
महोत्तरी।



सिबिएम ग्लोबलको आर्थिक सहयोग तथा रतौली युवा क्लबद्वारा सञ्चालित ‘क्लेक्टिभ एक्सन फर इनक्लुसिभ प्राक्टिस’ (क्याप) परियोजनाअन्तर्गत महोत्तरी गाउँपालिका र बलवा नगरपालिकाका अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामग्री तथा स्वरोजगारका लागि बिउ पुँजी वितरण गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरूको हक, अधिकार, पहुँच तथा सहभागिता सुनिश्चित गर्ने उद्देश्यले सञ्चालित कार्यक्रममा स्थानीय तहको योजना निर्माणदेखि कार्यान्वयन तहसम्म अपाङ्गता भएका व्यक्तिहरूको समान र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको थियो।

कार्यक्रमका व्यवस्थापक रुपेश कुमार ठाकुरका अनुसार अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता पहिचान गरी उनीहरूलाई आवश्यक सहायक सामग्री उपलब्ध गराउने तथा आर्थिक रूपमा आत्मनिर्भर बनाउन सहयोग गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो। स्थानीय सरकारले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकताअनुसार सहायक सामग्री उपलब्ध गराउने जिम्मेवारीलाई थप प्रभावकारी बनाउन पनि परियोजनाले सहजीकरण गर्दै आएको उनले बताए।

यसैक्रममा प्राविधिकबाट नापजाँच तथा आवश्यकता पहिचान गरिएका लाभग्राहीहरूलाई ९ थान ह्विलचेयर वितरण गरिएको छ । ह्विलचेयर प्राप्त गरेपछि अपाङ्गता भएका व्यक्तिहरूलाई दैनिक आवतजावत, सामाजिक गतिविधि तथा सार्वजनिक सेवामा पहुँच बनाउन सहज हुने अपेक्षा गरिएको छ । त्यस्तै, अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिक रूपमा सशक्त बनाउँदै आत्मनिर्भर बनाउने उद्देश्यले ५ जनालाई स्वरोजगार सञ्चालनका लागि बिउ पुँजी अन्तर्गत विभिन्न सामग्री प्रदान गरिएको छ । लाभग्राहीहरूलाई ठेला, खाजा पकाउने सामग्री तथा चप्पल पसल सञ्चालनका लागि आवश्यक सामग्री वितरण गरिएको आयोजकले जनाएको छ।

कार्यक्रममा रतौली युवा क्लबका कार्यकारी निर्देशक बैद्यनाथ चौधरीले अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्नु केवल सामग्री वितरणमा सीमित नराखी उनीहरूको अधिकार, पहुँच, सम्मान र आत्मनिर्भरता सुनिश्चित गर्नुपर्ने बताए । उनले स्थानीय सरकारसँग सहकार्य गरेर अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक कार्यक्रम तथा सेवाहरूलाई प्रभावकारी बनाउन क्लबले निरन्तर पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । त्यसैगरी, महोत्तरी गाउँपालिकाका अध्यक्ष दिलीप कुमार पाण्डेयले अपाङ्गता भएका व्यक्तिहरूलाई स्थानीय सरकारको विकास प्रक्रियामा समान रूपमा सहभागी गराउनुपर्नेमा जोड दिए । उनले अपाङ्गता भएका नागरिकको आवश्यकता पहिचान गरी उनीहरूको जीवन सहज बनाउने कार्यक्रमलाई गाउँपालिकाले प्राथमिकतामा राख्ने बताए।

बलवा नगरपालिकाका मेयर राम विजय महतोले अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक सामग्री तथा स्वरोजगारका अवसर उपलब्ध गराउने कार्यक्रम आवश्यक र प्रभावकारी रहेको बताए। उनले अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग तथा अवसर प्रदान गरेर उनीहरूलाई समाजमा सम्मानपूर्वक र आत्मनिर्भर जीवनयापन गर्ने वातावरण बनाउन स्थानीय सरकार प्रतिबद्ध रहेको बताए।

*बलवा नगरपालिकाका मेयर राम विजय महतोले अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक सामग्री तथा स्वरोजगारका अवसर उपलब्ध गराउने कार्यक्रम आवश्यक र प्रभावकारी रहेको बताए । उनले अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग तथा अवसर प्रदान गरेर उनीहरूलाई समाजमा सम्मानपूर्वक र आत्मनिर्भर जीवनयापन गर्ने वातावरण बनाउन स्थानीय सरकार प्रतिबद्ध रहेको बताए।*

कार्यक्रममा दुवै स्थानीय तहले अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक सहायक सामग्री खरिद गर्न बजेटसमेत विनियोजन गरेको जानकारी गराइएको थियो । स्थानीय तहले बजेट छुट्याएर अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता सम्बोधन गर्न थालेसँगै आगामी दिनमा सहायक सामग्रीको पहुँच थप विस्तार हुने अपेक्षा गरिएको छ।

रतौली युवा क्लबका अनुसार अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामग्री उपलब्ध गराउनुका साथै स्वरोजगारका लागि बिउ पुँजी प्रदान गर्दा उनीहरूको दैनिक जीवन सहज हुनुका साथै सामाजिक तथा आर्थिक समावेशीकरणमा समेत सकारात्मक प्रभाव पर्नेछ । कार्यक्रममा रतौली युवा क्लबका कार्यकारी निर्देशक बैद्यनाथ चौधरी, महोत्तरी गाउँपालिकाका अध्यक्ष दिलीप कुमार पाण्डेय, बलवा नगरपालिकाका मेयर राम विजय महतो, कार्यक्रम व्यवस्थापक रुपेश कुमार ठाकुर, रतौली युवा क्लबका कर्मचारी तथा महोत्तरी गाउँपालिकाका कर्मचारीलगायतको उपस्थिति रहेको थियो।

रतौली युवा क्लबले आगामी दिनमा पनि अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, पहुँच र अवसर विस्तारका लागि स्थानीय सरकार तथा अन्य सरोकारवाला निकायसँग सहकार्य गर्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

# धनुषा जिल्ला अदालतअगाडि मिटरब्याज पीडित महिलाको आत्मदाह प्रयास



**मधेशदृष्टि जनकपुरधाम।**
धनुषा जिल्ला अदालतअगाडि एक जना मिटरब्याज पीडित महिलाले बुधबार आत्मदाहको प्रयास गरेकी छन् । जनकपुरधाम उपमहानगरपालिका–४ की फुलकुमारी रजकले मिटरब्याजसम्बन्धी मुद्दामा पीडितहरूले अदालत परिसरअगाडि विरोध प्रदर्शन गरिरहेका बेला शरीरमा पेट्रोल खन्याएर आत्मदाहको प्रयास गरेकी हुन्। प्रहरीले तत्काल हस्तक्षेप गरी उनलाई रोकेपछि सम्भावित दुर्घटना टरेको छ।

रजकले आफूहरूले न्याय नपाएको भन्दै अदालतको फैसलाप्रति आक्रोश व्यक्त गरेकी छन् । उनले न्यायाधीशले पैसा लिएर साहुलाई छाडेको आरोपसमेत लगाएकी छन्। यद्यपि, उक्त आरोपको स्वतन्त्र पुष्टि भएको छैन।

यसैबीच, मिटरब्याजसम्बन्धी कसुरमा पक्राउ परेका जनकपुरधाम उपमहानगरपालिका–१६ कपिलेश्वरका गोपाल साह, उनकी श्रीमती रेखा साह र छोरा हेरराम साहविरुद्ध बुधबार धनुषा जिल्ला अदालतमा थुनछेक बहस भइरहेको थियो । सोही क्रममा पीडितहरूले अदालतबाहिर नाराबाजीसहित प्रदर्शन गरेका थिए । प्रदर्शनका क्रममा आत्मदाहको प्रयास भएपछि अदालत परिसरमा केही समय तनावको अवस्था सिर्जना भएको थियो। प्रहरीले प्रदर्शनकारीलाई नियन्त्रणमा राख्दै अदालत परिसरको सुरक्षा व्यवस्था कडा बनाएको थियो।

मिटरब्याजको समस्या समाधान गरी आफूहरूलाई न्याय दिनुपर्ने माग गर्दै पीडितहरूले लामो समयदेखि विभिन्न चरणमा आन्दोलन गर्दै आएका छन् । उनीहरूले ऋणको नाममा साहुबाट भएको कथित शोषण र अन्याय अन्त्य गरी दोषीमाथि कारबाही तथा पीडितलाई न्याय दिन माग गर्दै आएका छन्।

# प्रशारण लाइन तथा सबस्टेशन निर्माण तीब्रता




**मधेशदृष्टि वीरगंज।**
मधेश प्रदेशमा बढ्दो विद्युत् माग र कमजोर वितरण पूर्वाधारको समस्या समाधान गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले प्रशारण लाइन तथा सबस्टेशन निर्माणलाई तीव्रता दिएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठले मधेशको विद्युत् माग सम्बोधन गर्न विभिन्न प्रसारण लाइन तथा सबस्टेसन आयोजना निर्माणको महत्वपूर्ण चरणमा पुगेको बताएका छन्।

उनका अनुसार ढल्केबर–बालगंगा १३२ केभी प्रसारण लाइन करिब २४ किलोमिटर डबल सर्किट निर्माण भई नो–लोड अवस्थामा चार्ज भइसकेको छ । बालगंगा सबस्टेसनको निर्माण तथा उपकरण जडानको कामसमेत तीव्र रूपमा भइरहेको मन्त्री श्रेष्ठले बताए। आयोजनालाई दसैँअघि सञ्चालनमा ल्याउने लक्ष्य राखिएको उनले जानकारी दिए।

आयोजना सञ्चालनमा आएपछि धनुषाका मुजेलिया, यदुकोहा, धनुषाधाम, वीरेन्द्र बजार, लोहना र नगराइनलगायत क्षेत्रमा विद्युत् आपूर्ति थप मजबुत हुने अपेक्षा गरिएको छ।

यसैगरी सिरहा र सप्तरीमा बढ्दो विद्युत् मागलाई सम्बोधन गर्न लहान–सुखीपुर तथा रुपनी–बोदेबरसाइन १३२ केभी प्रसारण लाइन आयोजना अघि बढाइएको छ । रौतहटमा चन्द्रपुर–सुखदेव चोक १३२ केभी प्रसारण लाइन निर्माणमार्फत मध्य तथा दक्षिणी क्षेत्रमा विद्युत् प्रसारण क्षमता विस्तार गर्ने काम भइरहेको छ।

बारा–पर्साको औद्योगिक करिडोरमा बढ्दो विद्युत् मागलाई सम्बोधन गर्न हेटौँडा–परवानीपुर–पोखरिया १३२ केभी प्रसारण लाइन आयोजनालाई समेत प्राथमिकताका साथ अघि बढाइएको छ । परवानीपुरदेखि पोखरियासम्म २१ किलोमिटरभन्दा लामो चार सर्किट प्रसारण लाइन निर्माण तथा पोखरियामा नयाँ १३२÷३३÷११ केभी सबस्टेसन निर्माण गरिने जनाइएको छ।

मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणले निर्माणाधीन आयोजनालाई निर्धारित समयमै सम्पन्न गर्न नियमित अनुगमन, समन्वय र सहजीकरण गरिरहेको जनाएको छ।

# प्रतिबन्ध उल्लङ्घन गरी डीजे बजाउने गाडी नियन्त्रणमा

**मधेशदृष्टि सर्लाही।**
ध्वनि प्रदूषण तथा मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने भन्दै प्रतिबन्ध लगाइएको अवस्थामा डीजे बजाउँदै हिँडेको गाडीसहित दुई जनालाई सर्लाही प्रहरीले नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार जिल्ला प्रशासन कार्यालय तथा जिल्ला सुरक्षा समितिको निर्णयविपरीत ठूलो आवाजमा डीजे बजाउँदै हिँडेको गाडीलाई प्रहरीले मलङ्गवा नगरपालिका–९ गोरखकालीबाट नियन्त्रणमा लिएको हो।



प्रहरीले डीजे जडित साउन्ड सिस्टमसहित १९ च ४२९१ नम्बरको योद्धा गाडी नियन्त्रणमा लिएको जनाएको छ । गाडीसँगै डीजे सञ्चालक हरिपुर नगरपालिका–१ का ५५ वर्षीय जागेश्वर पण्डित र चालक बागमती नगरपालिका–४ का २३ वर्षीय जगन्नाथ साहलाई पनि नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय, जिल्ला प्रशासन कार्यालयले विभिन्न सरोकारवालासँग गरेको सहमति तथा जिल्ला सुरक्षा समितिको निर्णयविपरीत ध्वनि प्रदूषण हुने गरी डीजे सञ्चालन गरिएको पाइएपछि गाडी नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

नियन्त्रणमा लिइएको गाडी, डीजे तथा पक्राउ परेका दुवै जनामाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए।

प्रहरीले मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने तथा ध्वनि प्रदूषण हुने गरी डीजे तथा अन्य साउन्ड सिस्टम नबजाउन सम्बन्धित सबैलाई आग्रह गरेको छ। आदेश उल्लङ्घन गरी डीजे सञ्चालन गरे कानुनबमोजिम कारबाही गरिने प्रहरीले चेतावनी दिएको छ।

# २६ दिनमा ८१ लाखभन्दा बढीको अवैध सामान बरामद



**मधेशदृष्टि जनकपुरधाम।**
धनुषा प्रहरीले भन्सार चोरीपैठारी नियन्त्रण अभियानलाई तीव्रता दिँदै पछिल्लो २६ दिनमा ८१ लाख रुपैयाँभन्दा बढी मूल्य बराबरको अवैध सामान बरामद गरेको छ । प्रहरीले साउन १ गतेदेखि २६ गतेसम्म जिल्लाका विभिन्न स्थानमा सञ्चालन गरेको अभियानका क्रममा ८१ लाख ७ हजार ७८६ रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले जानकारी दिए । अवैध सामान ओसारपसार तथा चोरीपैठारीमा संलग्न पाँच जनालाई पक्राउ गरिएको उनले बताए।

सोही अवधिमा प्रहरीले लागुऔषध नियन्त्रणतर्फ पनि कारबाही तीव्र बनाएको जनाएको छ । लागुऔषधसहित २४ जना पक्राउ परेका छन् भने उनीहरूविरुद्ध १९ वटा मुद्दा दर्ता गरिएको छ।

प्रहरीका अनुसार उक्त अवधिमा ३४ किलो गाँजा, १८५.८२ ग्राम खैरो हेरोइन, २४३ थान नाइट्रोजेपाम, पाँच थान स्पास्मोरेटल, १४ थान एन्टिकफ र नौ थान कोलिबेन ट्याब्लेट बरामद गरिएको छ।

हातहतियारसम्बन्धी कसुरमा तीन जनालाई पक्राउ गरी एउटा मुद्दा दर्ता गरिएको प्रहरीले जनाएको छ । उनीहरूको साथबाट एक थान पेस्तोल, एक थान पेस्तोलको म्यागजिन, ७.६५ केएफ लेखिएको एक थान गोली र नौ एमएम केएफ लेखिएको एक राउन्ड गोलीसहित पाँच थान हातहतियार तथा गोली बरामद गरिएको प्रहरीले जनाएको छ।

धनुषा प्रहरीले फैसला कार्यान्वयन अभियानलाई समेत प्रभावकारी बनाएको जनाएको छ। साउन १ देखि २६ गतेसम्म विभिन्न अदालतबाट जारी भएका ४१० वटा पक्राउ पुर्जी कार्यान्वयन गरिएको प्रवक्ता न्यौपानेले बताए । यस क्रममा अदालतबाट दोषी ठहर भएका व्यक्तिहरूमाथि कारबाही गर्दै १५८ वर्ष ८ महिना ७ दिन कैद सजाय कार्यान्वयन गरिएको छ । साथै फैसला कार्यान्वयनकै क्रममा ६३ लाख ७७ हजार २६१ रुपैयाँ जरिवाना असुल गरिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार भन्सार चोरीपैठारी, लागुऔषध, अवैध हातहतियार नियन्त्रण तथा अदालतका फैसला कार्यान्वयनलाई प्राथमिकतामा राख्दै जिल्लाभर सुरक्षा निगरानी र खोजतलास अभियानलाई निरन्तरता दिइएको छ।

# सरकारी कार्यालयमा पेश गर्ने निवेदनको ढाँचामा

## एकरुपता ल्याउन नयाँ मार्गदर्शन जारी




**मधेशदृष्टि काठमाडौँ।**
सरकारले देशभरका सरकारी कार्यालयमा सेवाग्राहीले पेश गर्ने निवेदनको ढाँचामा एकरूपता ल्याउन नयाँ मार्गदर्शन जारी गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले 'सरकारी कार्यालयमा प्रयोग हुने निवेदनको ढाँचा तथा त्यसको कार्यान्वयन मार्गदर्शन २०८३' स्वीकृत गरी देशैभरका सरकारी निकायहरूमा प्रभावकारी कार्यान्वयनका लागि निर्देशन दिएको हो। यो मार्गदर्शन लागू भएसँगै सेवा प्राप्त गर्नका लागि पेश गरिने निवेदन देशैभर एउटै र निश्चित ढाँचाको हुनेछ।

यसअघि सरकारी कार्यालयपिच्छे फरक–फरक तरिकाले निवेदन लेख्नुपर्ने विविधता र अन्योललाई हटाउँदै सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, प्रभावकारी र नागरिकमैत्री बनाउने लक्ष्य राखिएको छ । आवेदनहरू डिजिटल ढाँचामा समेत उपलब्ध हुने भएकाले भविष्यमा सरकारी सेवाहरू अनलाइन वा मोबाइल एपमार्फत सजिलै लिन सकिने बाटो खुलेको छ।

यस व्यवस्थाले निवेदन भर्न सेवाग्राहीलाई हुने झन्झट अन्त्य गर्नेछ भने कार्यालय परिसरमा पैसा कमाउने उद्देश्यले हुने अनधिकृत सेवा सहजीकरण अर्थात् बिचौलिया कार्यलाई निरुत्साहित गर्नेछ । मार्गदर्शनको प्रभावकारी कार्यान्वयनको मुख्य जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखलाई नै तोकिएको छ।

# सम्पत्ति शुद्धीकरणका आरोपी भट्ट र अग्रवाललाई थुनामा राख्न आदेश



**मधेशदृष्टि काठमाडौँ।**
विशेष अदालतले सम्पत्ति शुद्धीकरणको आरोप लागेका व्यवसायी दीपक भट्ट र शुलभ अग्रवाललाई थुनामा राख्न आदेश दिएको छ।

विशेष अदालतका अध्यक्ष बासुदेव आचार्य तथा सदस्य हेमन्त रावलको इजलासले बुधबार दुवैजनालाई थुनामा पठाउने आदेश दिएको हो।

सम्पत्ति शुद्धीकरणसम्बन्धी पहिलो मुद्दामा यसअघि नै थुनामा रहेका भट्ट र अग्रवाललाई बुधबार अर्को मुद्दामा विशेष अदालतमा उपस्थित गराइएको थियो। दुवैजनाको बयान तथा थुनछेक बहसपछि अदालतले उनीहरूलाई थुनामा राख्ने आदेश दिएको हो।

पूर्वअर्थमन्त्री विष्णु पौडेललाई समेत प्रतिवादी बनाइएको सम्पत्ति शुद्धीकरणसम्बन्धी दोस्रो मुद्दामा भट्ट र अग्रवालविरुद्ध पनि अभियोग लगाइएको थियो।

सोही मुद्दामा पूर्वअर्थमन्त्री पौडेललाई भने विशेष अदालतले साधारण तारिखमा छाड्न आदेश दिएको छ। अदालतले पौडेललाई साधारण तारिखमा छाड्दै भट्ट र अग्रवाललाई थुनामा राख्ने आदेश दिएको हो।

# अत्यधिक गर्मीपछि सिरहाका विद्यालयमा बिहान मात्रै कक्षा सञ्चालन

**मधेशदृष्टि सिरहा।**
अत्यधिक गर्मीका कारण विद्यार्थीको स्वास्थ्यमा प्रतिकूल असर पर्न थालेपछि सिरहा नगरपालिकाले नगर क्षेत्रभित्रका विद्यालयको पठनपाठन समय परिवर्तन गरेको छ । नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले बुधबार सूचना जारी गर्दै साउन २८ गतेदेखि भदौ ८ गते सोमबारसम्म बिहान ६ बजेदेखि ११ बजेसम्म मात्रै कक्षा सञ्चालन गर्न सबै विद्यालयलाई निर्देशन दिएको हो।

नगरपालिकाअन्तर्गत सञ्चालित सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयमा उक्त व्यवस्था लागू हुने शिक्षा अधिकृत वीरेन्द्रकुमार यादवद्वारा जारी सूचनामा उल्लेख छ। अत्यधिक गर्मीका कारण विद्यार्थीको स्वास्थ्यमा प्रतिकूल असर पर्ने क्रम बढ्दै गएको भन्दै उनीहरूको स्वास्थ्यलाई ध्यानमा राखेर विद्यालयको समय परिवर्तन गर्ने निर्णय गरिएको नगरपालिकाले जनाएको छ।

गर्मीका कारण विशेषगरी दिउँसोको समयमा विद्यार्थीलाई विद्यालय आवतजावत गर्न तथा कक्षाकोठामा बस्न समस्या भइरहेका बेला नगरपालिकाले अस्थायी रूपमा बिहानको समय निर्धारण गरेको हो । नगरपालिकाले भदौ ९ गते मंगलबारदेखि भने पूर्वनिर्धारित समयअनुसार नियमित रूपमा कक्षा सञ्चालन गर्न सबै विद्यालयलाई निर्देशन दिएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन